"मध्यपहाडी व्यापारिक तथा पर्यटकीय शहर
सुन्दर सम्वृद्ध सांस्कृतिक बागलुङ नगर"

☎ ०६८-५२०१३१/५२०२३१/५२०३०१
फ्याक्स नं. ०६८-५२०१३१

# बागलुङ नगरपालिका कार्यालय
## बागलुङ

## प्रेस विज्ञप्ती

बागलुङ स्थित e-baglung अनलाइन र नेपाली काँग्रेस पार्टी बागलुङद्वारा प्रकाशित प्रेस विज्ञप्ती प्रती बागलुङ नगरपालिकाको ध्यानाकर्षण भएको छ । विज्ञप्ती मुलतः राजनैतिक पुर्वाग्रह, पराजित मानसिकता, आधारहिन भ्रामक र पार्टीको नियोजित उद्येश्यद्वारा अभिप्रेरित देखिन्छ ।

राज्य शक्तिको बाँडफाँड र त्यसको कार्यान्वयन तिन तहको सरकार द्वारा संविधान एवं कानुन द्वारा निर्दिष्ठ परिपाटी र स्थापित मान्यता अनुरुप कानुन,नीति, विधि, र प्रकृया सम्मत ढंगले कार्यान्वयन गर्ने गराउने कुरामा नगरपालिका दृढ छ । स्थानीय सरकारलाई प्राप्त जिम्मेवारी दायित्व र कर्तव्य पालना गर्ने सिलसिलामा जनशक्ति व्यवस्थापन गर्ने गराउने कुरा प्राथमिक दायित्व नै हो । नगरपालिका द्वारा सम्पादित कतिपय कार्यहरु न्यायलयमा पुग्दा समेत विधि र कानुन सम्मत ठहर भै टुङगो लागि सकेको समेत स्मरण गर्न चाहन्छु ।

३० औं बर्षदेखि अवरुद्व रहेको बलेवा विमानस्थल संचालन जिल्लामा क्रियाशिल राजनैतिक दलहरु नागरिक समाज सबैको तिब्र चाहना र मागलाई आत्मासात गरी नगरपालिकाको पहल कदमीमा संचालनका सर्न्दभमा नेपाली काँग्रेस जस्तो जिम्मेवार पार्टीले राखेको दृष्ट्रीकोणले आश्चर्य चकित तुल्याएको छ ।

मुलुकमा संघीय शासन प्रणाली लागु भै सकेपछि जिल्ला स्थित सम्बद्व कार्यालयहरु विस्तापित भएकोले तिनले सम्पादन गर्ने विपद व्यवस्थापन लगाएतका कार्य, जिम्मेवारी र दायित्व समेत नगरपालिकाले बहन गर्नुपर्ने अवस्था सृजना भएको सर्न्दभमा आमनागरिकको आधारभुत आवश्यकता, विपद् व्यवस्थापन (बाढी पहिरो) एवं राहत उद्वार जस्ता सम्वेदनशिल विषयलाई विधि प्रकृया र मापदण्ड पुरा गरी व्यवस्थापन गरिएको अवस्था प्रति नजरअन्दाज गर्दै गैरजिम्मेवारीपुर्ण ढंगको अभिव्यक्तीले हामिलाई सम्वेदनशिल बनाएको छ ।

बागलुङ नगरपालिकाद्वारा प्रतिष्प्रर्धात्मक कार्यविधी एवं जनसहभागितामुलक पद्वती अलम्वन गरी जनप्रतिनिधिहरुको प्रत्यक्ष पहलकदमी, स्थानीय जनताको उत्साहप्रद सहभागिता र प्रभावकारी अनुगमनमा संचालित आयोजना तथा काम कारवाहीले पारेको सकरात्मक प्रभावबाट विचलित भै तथ्यहिन र भ्रामक प्रचारबाजी गर्नु कसैका लागि शोभनिय देखिदैन ।

स्थानीय तहमा जनशक्तिको व्यवस्थापन संक्रमणकाल एवं अन्योलग्रस्त अवस्थामा रहेको परिप्रेक्ष्यमा केहि कर्मचारीहरुको निजात्मक स्वार्थद्वारा अभिप्रेरित तथ्यहिन र गलत मनसायद्वारा प्रेरित भै अफवाह फैलाउने नियतका साथ गरिएका भ्रामक सुचनालाई आधारमानी जिम्मेवार राजनैतिक दलको आधिकारीक अभिव्यक्ति आउने कुराले राजनैतिक दलको विश्वसनियतामा प्रश्नचिन्ह खडा गरेको छ ।

क्रमशः

नगरपालिकाद्वारा गरिने कुनैपनी कार्यहरुमा नियमितता र मितव्ययितालाई उच्च प्राथमिकतामा राखी कार्यसम्पादन गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । जोखिमपुर्ण अवस्था देखाई लगिएका विपद व्यवस्थापनका सामग्रीहरुको प्रयोगलाई प्रत्यक्ष अनुगमन गरिने र अनुगमन गर्दा कंहिकतै दुरुपयोग भएको पाईएमा उचित कार्यवाहि गर्ने समेत प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । कोही कसैले गलत मनसायका साथ क्रियाकलाप गरेको सुचना, जानकारी भएमा नगरपालिकालाई विभिन्न माध्यमद्वारा जानकारी वा सूचना उपलव्ध गराई दिनुहुन अनुरोध गर्दै त्यस्ता क्रियाकलाप प्रति नगरपालिकाले कडा कारवाही गर्ने विश्वास दिलाउन चाहन्छु ।

नगरपालिकाद्वारा विभिन्न वडाहरुमा संचालित विभिन्न योजना तथा कार्यहरुको न.पा.द्वारा पत्रकार भेटघाट र आधिकारीक संचार माध्यमद्वारा प्रेषित गरेको कुरा जानकारी नै छ । आम नागरिकहरुसंग प्रत्यक्ष संम्बाद छलफल, सर्वजनिक सुनुवाई गर्न प्राप्त सुझावप्रति धन्यवाद दिन चाहन्छु र निकट भविष्यमा नै न.पा. एवं वडा स्तरहरुमा सार्वजनिक सुनुवाई सामाजिक परिक्षण गरिने व्यहोरा जानकारी गराउदछु ।

जनताद्वारा निवाचित संस्थाको गरिमा,प्रतिष्ठा र नगरवासीको स्वाविमान उच्च राख्न सदैव प्रतिबद्वता व्यक्त गर्दै सदाझै सबै राजनैतिक दल, आम नागरिक एवं संचारकर्मीहरुबाट सकरात्मक सहयोग र सुझावको अपेक्षा गर्दछु ।
धन्यवाद ।

सुरेन्द्र खड्का
नगर उप-प्रमुख

जनकराज पौडेल
नगर प्रमुख

एवं वागलुङ नगरपालिका परिवार, वागलुङ

मिति ३१ आषाढ २०७५